| | |
|---|---|
| ऐन संख्या :- | २ |

# चौविसे गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ पहिलो संशोधन, २०८०

| | |
|---|---|
| गाउँ सभाबाट स्वीकृत मिति :- | २०८०/१०/२९ |

चौविसे गाउँपालिका

राजारानी, धनकुटा

कोशी प्रदेश

चौविसे गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८

प्रमाणिकरण मिति:२०७८।०३।१०

संशोधन गर्ने ऐन

१. चौविसे गाउँपालिकाको संस्था दर्ता ऐनलाई संशोधन गर्ने (पहिलो संशोधन) ऐन, २०८० .

२०८०।१०।२९

सम्वत् २०७८ सालको ऐन नं. २

प्रस्तावना: सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गरी सामाजिक र आर्थिक रूपान्तरण गर्ने कार्यमा त्यस्ता संस्थाहरूलाई व्यवस्थित रूपमा परिचालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐनको दफा १०२ र संशोधित दफा (११) उपदफा (४) को(३) (ठ) ले दिएको अधिकार प्रयोग गरी चौविसे गाउपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम तथा प्रारम्भ :

(१) यस ऐनको नाम "चौविसे गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२ परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(१) "ऐन" भन्नाले "चौविसे गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ सम्झनु पर्छ ।

(२) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरूको विकास एवं विस्तार गर्ने उद्धेश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउछ ।

(३) "स्थानीय अधिकारी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएकोमा गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(४) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ ।

(५) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(६) "कार्यपालिका" भन्नाले चौविसे गाउँपालिकाको कार्यपालिका भन्ने सम्झनुपर्छ ।

(७) "स्थानीय सरकार" भन्नाले चौविसे गाउँपालिका भन्ने सम्झनु पर्छ ।

(८) "नेपाल ऐन" भन्नाले कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा बनेको अर्को संघीय वा प्रदेश ऐन भन्ने सम्झनु पर्छ ।

(१०) "अन्तराष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(११) "दातृ निकाय" भन्नाले सामाजिक आर्थिक बिकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने दिपक्षीय तथा बहुपक्षीय बिकास साझेदार सम्झनु पर्दछ ।

३. दर्ता नगरी संस्था खोल्न नहुने: (१) यस ऐनबमोजिम दर्ता नगरी कसैले पनि चौविसे गाउँपालिका क्षेत्रभित्र संस्था स्थापना गर्न हुदैन ।

(२) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उदेश्य भएको संस्था दर्ता गरिर्ने छैन तर यस दफाको प्रतिकुल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वत: बदर हुनेछ ।

४. संस्थाको दर्ता: ⇕(१) संस्था स्थापना गर्न चाहने कुनै ७ देखि बढीमा २१ जना व्यक्तिहरूले आवश्यकता अनुसार पदाधिकारी राखी संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एकप्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ:-

(क) संस्थाको नाम,

(ख) उदेश्यहरू

(ग) कार्य समितिका सदस्यहरूको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना

(च) संस्थाको छाप

⇕(२) समितिका पदाधिकारी अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला अनिवार्य सहित विशेष अवस्था बाहेक ३३ प्रतिशत महिला साथै समावेशी हुनुपर्नेछ ।

(३) उपरोक्त अनुसार खुलेको निवेदनमा तपसिल अनुसारका कागजातहरू संलग्न भएको हुनुपर्नेछ ।

(क) सम्बन्धित वडाको सिफारिस,

(ख) कार्यसमितिका सदस्यहरूको नागरिकताको प्रमाणित प्रतिलिपि, पासपोर्ट साइजको फोटो,

(ग) संस्थाको प्रमाणित विधान (कार्य समितिका सदस्यहरू सबैको प्रस्तावित विधानको तल माथि हस्ताक्षर भएको)

(४) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा स्थानीय अधिकारीले संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ । यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा *अनुसुची १* अनुसार हुनेछ र सो बापत लाग्ने दर्ता तथा नविकरण दस्तुर गाउँपालिकाको आर्थिक ऐनमा तोकिदिए बमोजिम हुनेछ ।

---

⇕ चौविसे गाउँपालिकाको संस्था दर्ता ऐनलाई संशोधन गर्ने (पहिलो संशोधन) ऐन, २०८० द्वारा संशोधित ।

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

(५) कार्यालयले संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र त्यस्तो निर्णय उपर गाउँपालिका समक्ष उजुरी दिन सक्नेछ ।

५. संगठित संस्था मानिने: (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र गाउँ कार्यपालिकाको अनुमति लिई वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ ।

६. संस्थाको सम्पत्ति: (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरूपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्ति कानुनी उपचारमा जान सक्नेछ ।

७. यो ऐन स्वीकृत हुनु अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने: (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका संस्थाले यो ऐन प्रारम्भ भएको मितिले तिन महिनाभित्र गाउ कार्यपालिकाको कार्यालयमा अनिवार्य दर्ता हुनुपर्नेछ ।

८. संस्थाको उदेश्यहरूमा हेरफेर: (१) संस्थाको उदेश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागू गर्न गाउपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(३) कुनै पनि संस्थाले योजना कार्यक्रम सम्पन्न गर्नुपरेमा गाउँपालिकाको गाउँसभा वा कार्यपालिकाबाट अग्रीम स्वीकृत गरेर मात्र कार्यक्रम सम्पन्न गर्नुपर्नेछ ।

९. हिसाबको विवरण पठाउनु पर्ने: (१)कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नविकरण गर्दा सम्वन्धित वडाको सिफारिस सहित स्थानीय निकायलाई बुझाउनु पर्नेछ ।

१०. हिसाब जाँच गर्ने: (१) गाउपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ ।

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानीय अधिकारीले हिसाब जाचँबाट देखिन आएको संस्थाको मौज्दात रकम जाँच दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरूपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ । तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

११. <u>निदर्शेन दिने:</u> (१) चौविसे गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. <u>दण्ड सजाय:</u> (१) दफा ४ को (१) र (२) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरूलाई जनही तीन हजार रूपैयासम्म जरिवाना वा प्रचलित कानुन अनुसार दण्ड र सजाय दिईनेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा समितिका सदस्यहरूलाई गाउपालिकाले जनही पाच सय रूपैयासम्म जरीवाना गर्न सक्नेछ तर कुनै सदस्यले दफा (९) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले संस्थाको साधारण सदस्य समेतबाट निलम्बन गर्न सक्नेछ ।

(४) दफा ८ को (१) र (२) बमोजिम गाउपालिकाको स्वीकृति नलिई संस्थाको उदेश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उदेश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा स्थानीय सरकारले दिएको निर्देशन पालन नगरेमा गाउपालिकाले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

१३. <u>पुनरावेदन:</u> दफा (६) र दफा (१२) बमोजिम गाउपालिकाले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३
२०८०/११/१२
राम कुमार लिम्बु
अध्यक्ष

१४. **संस्थाको विघटन र त्यसको परिणाम:** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व स्थानीय सरकारले व्यहोर्नेछ ।

१५. **अधिकार प्रत्यायोजन:** यो ऐन वा यस ऐन अन्तरग तबनेको नियमावली बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तरका कर्मचारी वा वडाहरूलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउपालिकाले आवश्यक नियम, कार्यविधि बनाउन सक्नेछ ।

१७. **नवीकरण र प्रतिवेदन सम्बन्धि व्यवस्था:** दर्ता भएका संस्थाहरूले बार्षिक नविकरण गराउनु पर्नेछ । नविकरणका लागि दिईने निवेदनमा बार्षिक प्रगति प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन अनिवार्य रूपमा संलग्न भएको हुनुपर्नेछ । नविकरण दस्तुर गाउँपालिकाले तोके बमोजिमको हुनेछ ।

१८. **अन्य कानून बमोजिम दर्ता वा स्थापना हुने संस्था:** संस्थाको दर्ता वा स्थापना सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम हुनेछ ।

१९. **खारेजी र बचाउ:** (१) यस ऐन प्रारम्भ हुनुभन्दा अघि गाउपालिका क्षेत्रभित्र संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका स्थानीय संघ संस्थाहरू यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(२) यो ऐनमा भएको व्यवस्था संघीय कानून वा प्रदेश कानूनसंग बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

अनुसूची १

दफा ४ को उपदफा (४) सँग सम्बन्धित

संस्था दर्ता प्रमाणपत्रको नमुना

चौविसे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

राजारानी धनकुटा, कोशी प्रदेश

दर्ता नं..............

मिति : .......................

## संस्था दर्ता प्रमाण-पत्र

श्री अध्यक्ष/सचिवज्यू,

...........................

चौविसे गाउँपालिका वडा नं...... स्थित ........................................मा स्थापना भएको श्री ........................................................ संस्थालाई चौविसे गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ को दफा ४(४) बमोजिम यस कार्यालयको मिति ........................ को निर्णय बमोजिम दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

*"यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन लगायतका क्षेत्रमा संस्थाको सक्रिय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।"*

...............................

प्रमुख प्रशासकीय अधिकृत

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३

०८०/११/१२

राज कुमार लिम्बू
अध्यक्ष

| नवीकरण गरेको मिति | दर्ता नं. | अवधि मिति | | प्रमाणित गर्ने पदाधिकारीको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३

०८०/११/१२

राज कुमार लिम्बू
अध्यक्ष

अनुसूची- २
संस्था दर्ता गर्ने निवेदनको नमूना

मिति-.................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
चौविसे गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

विषय- संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं. ...... को ........................... टोलमा स्थापना गरिएको ............................ संस्थालाई चौवसे गाउँपालिकाको कार्यालयमा दर्ता सुचिकृत गरि दिनु हुन अनुरोध गर्दछु । यस संस्थाको बिधान र अन्य आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरिएको छ ।

निवेदक

.......................

अध्यक्षको नाम -

प्रस्तावित संस्थाको नाम -
ठेगाना -
(क) सम्बन्धित वडाको सिफारिस
(ख) कार्यसमितिका सदस्यहरूको नाम र ठेगाना
(ग) कार्यसमिति सदस्यहरूको नागरिकताको प्रमाणित प्रतिलिपि
(घ) संस्थाको प्रामाणित विधान